**Medha (मेधा), Vol. 7(1), 2025, ISSN : 2382-5146**

# *मुलुकबाहिर* उपन्यासमा पात्रविधान

**खगेन्द्र जोशी, उपप्राध्यापक, मानविकी तथा सामाजिक शास्त्र विभाग, केन्द्रीय क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय**

khj.joshi@gmail.com

**अध्ययनको सार**

प्रस्तुत अध्ययनपत्रमा उपन्यासकार लैनसिंह बाङ्देलको 'मुलुकबाहिर' उपन्यासको पात्रविधानको अध्ययन गरिएको छ । देशभित्र गाँस र कपासको समस्याले गर्दा दुई/चार पैसा कमाउने आश बोकेर मुग्लान पस्ने नेपालीहरूले मुग्लानमा सामना गर्नुपर्ने समस्यालाई विषयवस्तु बनाएर रचिएको यस उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक दृष्टिले अध्ययन गर्ने र प्रमुख पात्रका चारित्रिक विशेषताहरू केलाउने काममा नै अध्ययनलाई केन्द्रित गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएको हुनाले अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालय कार्यबाट नै सङ्कलन गरिएको छ र शोध्य प्रश्नको समाधानार्थ साहित्यका विधागत तत्त्वसँग सम्बद्ध पात्रविधानको सैद्धान्तिक पक्षलाई विश्लेषणको आधार बनाई सङ्कलित सामग्री विश्लेषणका लागि व्यख्यात्मक तथा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । उपन्यासको विषयवस्तु देश छोडेर बिदेसिएका श्रमजीवीहरूको व्यथामा केन्द्रित रहेकको हुनाले पात्रहरू पनि बढीजसो श्रम गर्नसक्ने युवाहरू नै रहेका छन् । खालिङ बुढा, सेर्बा बुढा, दलेकी आमा आदि केही वृद्ध पात्रको प्रयोग गरिएको भए पनि तिनीहरू पनि श्रमजीवी नै भएर आएका छन् । सबै पात्रको जीवन निर्वाहको मुख्य आधार शारीरिक श्रम नै रहेको छ । एकातिर देशको अवस्थाका कारण र अर्कातिर आफूमा रहेका चरित्र दोषका कारण समस्याको भूमरीमा पिल्सिएका पात्रका माध्यमबाट नेपाली समाजको यतार्थ चित्र प्रस्तुत गर्नु उपन्यासको उद्देश्य रहेको र उपन्यासमा त्यसैअनुरूपको पात्रविधान रहेको अध्ययनबाट देखिन्छ ।

*प्रमुख पद/पदावली:* कार्यव्यापार, चरित्र चित्रण, जीवनचेतना पात्रविधान, शैलीवैज्ञानिक

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८१/०२/१२, लेख पुनरावलोकन मिति : २०८१/०५/१५, लेख स्वीकृत मिति : २०८१/०९//१४
**प्रकाशक** : महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । DOI : https://doi.org/10.3126/medha.v7i1.73887
Homepage : https://www.nepjol.info/index.php/medha/index/

## विषयपरिचय

प्रस्तुत अध्ययन उपन्यसकार लैनसिंह बाङ्देलको 'मुलुकबाहिर उपन्यासमा पात्रविधान' को अध्ययनमा केन्द्रित रहेको छ । यस अनुसन्धानात्मक अध्ययनमा उपन्यासको महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको पात्रलाई उपन्यासमा केकसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गरिएको छ । प्रस्तुत शीर्षकभित्र मुलुकबाहिर उपन्यास र पात्रविधानजस्ता दुई पक्ष रहेका छन् । उपन्यासकार लैनसिंह बाङ्देल (वि.स.१९८१-२०५९) आधुनिक नेपाली उपन्यास परम्परामा यथार्थवादका प्रवर्तक हुन् । वि.स. १९९४मा 'भग्न जीवन' शीर्षकको कथा लेखेर साहित्यको क्षितिजमा उदाएका बाङ्देलले वि.स. २००४ मा *मुलुकबाहिर* उपन्यास प्रकाशन गरी उपन्यासका फाँटमा प्रवेशसँगै आधुनिक नेपाली उपन्यासलाई भिन्न मोड र नयाँ उचाइ दिने काम गरेका छन् । यसका अतिरिक्त *माइतघर* (२००५), *लङ्गडाको साथी* (२००८) र *रेम्ब्रान्ट* गरी उनका जम्मा चारवटा औपन्यासिक कृति प्रकाशित छन् । बाङ्देलले उपन्यास, कथा, कविता, निबन्ध, संस्मरण, जीवनीजस्ता साहित्यक विधाका साथै इतिहाससम्बद्ध साहित्येतर विषयमा पनि कलम चलाएका छन् ।

सामाजिक यथार्थलाई शब्दचित्रका माधयमबाट पाठक समक्ष पस्कने बाङ्देलका उपन्यासमा निम्न वर्गीय नेपाली जनताले देशभित्र गाँस र कपासको समस्या समाधान गर्न नसकी बिदेसिनुपर्ने बाध्यता, विदेशमा बाँच्नका लागि गर्नुपरेका सङ्घर्ष अनि भोग्नुपरेका पीडाको जीवन्त प्रस्तुति पाइन्छ । आफैले विगतमा गरेका गलत कामका

कारण मानसिक अन्तर्द्वन्द्वमा पिरोलिएका र निराश जीवन बाँचिरहेका कारुणिक पात्रको जीवन अन्ततः दु:खान्तमा दुर्घटित भएको देखाउनु पनि उनको प्रवृत्तिगत वैशिष्ट्यभित्र पर्दछ।

प्रस्तुत उपन्यासमा नेपालको पूर्वी पहाडी क्षेत्र अरुण खोलातिरका तरुणदेखि बुढापाकासम्म दुईचार पैसा कमाउन हिउँदमा मुग्लान जाने र हिउँदको समाप्तिसँगै घर फर्किने परम्परा रहेको, त्यसरी गएकामध्ये कतिपय विभिन्न कारणले उतैतिर बस्न बाध्य हुने गरेको, यसरी दुईचार पैसा कमाउने लोभले विदेश पसेका नेपालीहरूले परदेशमा अनेकौँ पीडा भोग्नुका साथै उनीहरूको जीवन नै उतै समाप्त हुने गरेको कुरालाई विषयवस्तु बनाएर लेखिएको यस उपन्यासमा रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, कान्छा राई, खालिङ बुढा लगायत अन्य पात्रहरूका माध्यमबाट नेपाली जनताले भोग्नुपरेका समस्याको चित्रण गर्दै नेपाली समाजको यथार्थता उद्घाटित गरिएको हुनाले प्रस्तुत उपन्यास पात्रविधानको अध्ययनका दृष्टिले उपयुक्त देखिन्छ।

उपन्यासमा घट्ने घटनाहरूमा उपस्थित भएर कार्यव्यापार गर्ने मनावीय वा मानवेतर प्राणी नै पात्र हुन् । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासको कथानकलाई गति दिने काम पात्रले नै गर्ने हुनाले पात्रको महत्त्व कथानकभन्दा पनि बढी रहेको हुन्छ । उपन्यासमा घट्ने घटनाहरूको शृङ्खलाबाट कथानक निर्माण हुन्छ र पात्रले गरेका गतिविधिले नै घटनाहरू घट्ने हुनाले कथानक उपन्यासको शरीर हो भने पात्र चाहिँ प्राण हो । पछिल्लो समयमा कथानकविहीन उपन्यास पनि लेखिएका छन् तर पात्रविहीन उपन्यासको परिकल्पना पनि गर्न सकिँदैन । उपन्यासकारले उपन्यासका माध्यमबाट सम्प्रेषण गर्न खोजेको विचार पात्रकै माध्यमबाट सम्पेषित गरिने हुनाले उपन्यासको मूल कथ्यको अनुकूल हुनेगरी पात्रविधानको प्रयोग गरिएको हुनुपर्छ। यही कुराको खोजी गर्न *मुलुकबाहिर* उपन्यासको पात्रविधानका आधारमा अध्ययन गरिनु आवश्यक छ । प्रस्तुत अध्ययन उपन्यसकार लैनसिंह बाङ्देलको मुलुकबाहिर उपन्यासमा पात्रविधानको अध्ययनमा केन्द्रित रहेको हुनाले उपन्यासको पात्रयोजना केकस्तो रहेको छ भन्ने जिज्ञासालाई मुलुकबाहिर उपन्यासमा प्रयुक्त पात्रहरूलाई शैलीवैज्ञानिक दृष्टिले केकसरी प्रस्तुत गर्न सकिन्छ ? तथा मुलुक बाहिर उपन्यासका प्रमुख पात्रका चारित्रिक विशेषताका आधारमा चरित्र चित्रण केकसरी गरिएको छ ? भन्ने शोध्यप्रश्नका आधारमा विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनको उद्देश्य उपन्यसकार लैनसिंह बाङ्देलको मुलुकबाहिर उपन्यासमा पात्रविधानसँग सम्बद्ध सोध्यप्रश्नहरूले उठाएका जिज्ञासाको शमन गर्नेतिर नै उन्मुख रहेको छ। यसमा मुलुकबाहिर उपन्यासमा प्रयुक्त पात्रहरू शैलीवैज्ञानिक दृष्टिले अध्ययन गर्ने र प्रमुख पात्रका चारित्रिक विशेषताहरू केलाउने काम गरिएको छ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनबाट परिणाममुखी निष्कर्ष निकाल्नका लागि आवश्यक सामग्री सङ्कलन गर्न र सङ्कलित सामग्रिको विश्लेषण गर्नकालागि अपनाइएका विधिहरू यसप्रकार छन्:

## सामग्री सङ्कलन र विश्लेषणविधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएको हुनाले अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालय कार्यबाट नै सङ्कलन गरिएको छ । अध्ययनलाई अगाडि बढाउने क्रममा उपन्यासकार लैनसिंह बाङ्देलद्वारा प्रणीत 'मुलुकबाहिर' उपन्यासलाई मुख्य आधार सामग्रीका रूपमा लिई प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनको केन्द्रीय विषयका रूपमा रहेको पात्रविधानसँग सम्बद्ध सैद्धान्तिक पक्षको अध्ययनका लागि साहित्यका विधागत तत्त्वका बारे चर्चा गरिएका विभिन्न पुस्तकहरूका साथै 'मुलुकबाहिर' उपन्यासका बारेमा टीकाटिप्पणी गरी लेखिएका पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गर्दै सामग्री सङ्कलन गरिएको छ। प्रस्तुत अध्ययनपत्र गुणात्मक प्रकृतिको हुनाले शोध्य प्रश्नको समाधानार्थ साहित्यका विधागत

तत्त्वसँग सम्बद्ध पात्रविधानको सैद्धान्तिक पक्षलाई विश्लेषणको आधार बनाई सङ्कलित सामग्री विश्लेषणका लागि व्यख्यात्मक तथा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

उपन्यासको रचनामा विभिन्न तत्त्वहरूको समायोजन भएको हुन्छ, जसको समुचित प्रयोग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ (बराल र एटम, २०६६, पृ.२०) । उपन्यासका तत्त्वलाई अर्को शब्दमा उपकरण पनि भन्ने गरिन्छ । उपन्यासको रचना गर्नका लागि अत्यावश्यक उपकरण केके हुन् भन्ने कुरामा विद्वान्हरूका बिचमा मतैक्यता देखिँदैन तर उपकरणको अनिवार्यतालाई भने सबैले स्विकारेका छन् । उपन्यासको रचना गर्न कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य गरी छवटा तत्त्वको आवश्यकता पर्दछ(थापा, २०५०, पृ.१२७) । उपन्यासको रचना गर्न कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य गरी सातवटा तत्त्वको आवश्यकता पर्छ (प्रधान, २०६१, पृ.७) । उपन्यासका तत्त्वका रूपमा कथानक, चरित्र, देशकाल र वातावरण, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु, प्रतीक र विम्ब तथा गति र लयलाई लिनसकिन्छ(बराल र एटम, २०६६, पृ.२०) । यसरी उपन्यासका तत्त्वका बारेमा मतमतान्तर रहेको पाइए पनि पात्रविना उपन्यासको रचना गर्ने परिकल्पना पनि गर्न नसकिने हुनाले यसलाई उपन्यासको महत्त्वपूर्ण तत्त्वका रूपमा सबैले प्राथमिकतामा राखेको पाइन्छ ।

## पात्र/ चरित्रको परिचय

उपन्यासमा घट्ने घटनाहरूमा उपस्थित भएर कार्यव्यापार गर्ने मानव वा मानवेतर प्राणीलाई नै पात्र भनिन्छ । उपन्यासमा पात्रले गरेका गतिविधि तथा क्रियाकलापबाटै घटनाहरू घट्ने र घटनाको श्रृङ्खलाले नै कथानकको निर्माण गर्ने हुनाले उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको कथानकको आधार निर्माण गर्ने काम पनि पात्रले नै गरेको हुन्छ (जोशी र जोशी, २०७२. पृ.१३) । यद्यपि उपन्यासको पात्र निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाह्य एवम् आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ (बराल र एटम, २०६६, पृ.२०) । त्यसैले कथानकलाई उपन्यासको शरीर र पात्रलाई प्राणका रूपामा लिने गरिन्छ ।

जीवन र समाजमा यथार्थ रूपमा पाइने व्यक्तिलाई मूल प्रति मानेर त्यसैका आधारमा उपन्यासकारले आफ्नो कल्पना, बुद्धि र विवेकद्वारा थपघट गरी सृष्टि गरेको औपन्यासिक व्यक्ति नै पात्र/चरित्र हो । प्रत्येक समाजले नैतिकताको एउटा मापदण्ड प्राप्त गरेको हुन्छ र त्यस्तो नैतिकता भएको पात्र उपन्यासमा ल्याउनुपर्दछ । नैतिकताले यहाँ असल र खराब दुवै बुझाउँछ । यस्तै गरी रिसाहा, माया गर्ने, सहयोग गर्ने जस्ता मानवीय मनोवृत्ति वा अभिवृत्तीय गुणहरूमा केकस्ता गुणहरू व्यक्तिमा छन् त्यसलाई टड्कारो पारेको हुनुपर्छ । आजका उपन्यासमा सुरुसुरुमा झैँ भव्य, वीर, साहसी, आदर्शवादी र प्रशस्त नेतृत्व क्षमता भएका नायक मात्रै नभई सामान्य मानवीय गुणदोष दुवै भएका अनायक पनि पात्रका रूपमा देखिएका छन् । निश्चय नै उपन्यासका पात्र जेजस्ता गुणअवगुणयुक्त भए पनि ती यथार्थको एकदमै निकट रहेका स्वतन्त्र, सजीव र मौलिक हुनुपर्छ(पौडेल, २०६८, पृ.८) । चरित्रचित्रणले गर्दा नै उपन्यास जीवनको भाष्यझैँ वर्णित छ र यसकारण उपन्यासमा चरित्रको महत्ता सर्वोपरी मानिन्छ । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिने जीवन स्वयम् र उसको वृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ (प्रधान, २०६१, पृ.८) ।

## पात्रको शैलीवैज्ञानिक वर्गीकरणका प्रमुख आधार

उपन्यास जीवनको सम्पूर्णताको अभिव्यक्ति भएकाले यसमा जीवनको विविधताको प्रस्तुतिका लागि पात्रगत बहुलता र हेको हुन्छ र उपन्यासमा प्रयोग गरिने पात्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको हुन्छ(बराल र एटम, २०६६, पृ.२०) । मानवीय समाज र जीवनको प्रतिविम्बन गर्ने

चरित्र मानव समाज र जीवन जस्तै अनेक प्रकृतिको देखा पर्छ । चरित्रको अनेक प्रकृतिलाई विभिन्न समीक्षकले लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता जस्ता विभिन्न आधारमा वर्गीकरण गरेर हेरेको पाइन्छ (नेपाल, १९८७, पृ.२५) । ती बाहेक पात्रको उमेर, शैक्षिक अवस्था, आर्थिक अवस्था, साँस्कृतिक सम्बन्ध, संवेदनशीलता, व्यवहारिकता, व्याप्तिको स्थिति, जीवनको जटिलता, उत्तरदायीपन जस्ता अन्य आधारमा पनि वर्गीकरण गरेर हेर्न सकिन्छ ।

### लिङ्गका आधारमा पात्रको वर्गीकरण

लिङ्ग शारीरिक जात छुट्याउने आधार हो । लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ (शर्मा, २०५५, पृ.१९५) । यसरी लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई भागमा मात्र बाँड्ने परम्परा रहेको भए पनि लिङ्गले शारीरिक तथा जैविक स्थितिलाई मात्र नजनाएर सामाजिक अवस्थालाई पनि प्रतिविम्बन गर्ने र जैविकताकै आधारमा पनि समाजका केही व्यक्तिमा पुरुष र स्त्रीको भन्दा भिन्दै गुण देख्न सकिने भएको र उपन्यास जीवनकै प्रतिविम्ब भएकाले उपन्यसमा पनि त्यस्ता पात्रको प्रयोग गरिन थालिएकाले लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी, स्त्रीलिङ्गी र तेस्रो लिङ्गी गरी तिन भागमा बाँड्नु पयुक्त हुन्छ (जोशी र जोशी, २०७२, पृ.१५) । पात्रको बाह्य वर्णन, शारीरिक स्थिति, नामकरण, तिनको स्वभाव तथा सामाजिक गतिविधि तथा स्थितिका आधारमा पात्रको लिङ्गगत वर्गीकरण गर्नसकिन्छ ।

### कार्यका आधारमा पात्रको वर्गीकरण

यो पात्रले उपन्यासमा सम्पन्न गरेको कार्यव्यापार र कार्यमूल्य तथा निर्वाह गरेको भूमिकाका आधारमा गरिने वर्गीकरण हो । यस आधारमा पात्रलाई प्रमुख, सहायक र गौण गरी तिन भागमा वर्गीकरण गर्ने गरिन्छ । उपन्यासमा सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ भने त्यसभन्दा घटी कार्यमूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ । सामान्यत: सबैभन्दा धेरै पटक नाम वा सर्वनाम पुनरावृत्ति हुने र आदिदेखि अन्त्यसम्म आउने पात्रलाई प्रमुख पात्र भनिन्छ । त्यसभन्दा थोरै नाम/सर्वनाम आउने सहायक र अन्यचाहिँ गौण पात्र हुन्छन् (बराल र एटम, २०६६, पृ.२०) ।

### प्रवृत्तिका आधारमा पात्रको वर्गीकरण

यस्तो वर्गीकरण पात्रले उपन्यासमा निर्वाह गरेको सकारात्मक तथा नकारात्मक भूमिकाका आधारमा गरिन्छ । यस आधारमा पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई भागमा वर्गीकरण गरिन्छ । सकारात्मक भूमिका निर्वाह गरी पाठकका मनमा सहानुभूति जगाउन सक्ने, खलत्व नभएका सत्पात्र अनुकूल पात्र हुन् । नकारात्मक भूमिका निर्वाह गरी पाठकका मनमा घृणा उत्पन्न गराउने खलत्व भएका असत्पात्र प्रतिकूल पात्र हुन् । उपन्यासमा प्रयुक्त पात्रको प्रवृत्ति, कार्य र लिङ्गका आधारमा नै उपन्यासका नायक/नायिका, सहनायक/ सहनायिका, खलनायक/ खलनायिका छुट्याउन सकिन्छ (बराल र एटम, २०६६, पृ.२०) ।

### स्वभावका आधारमा पात्रको वर्गीकरण

उपन्यासका पात्रहरूमध्ये केहीको विचार र व्यवहार सुरुदेखि अन्त्यसम्म एउटै किसिमको हुन्छ भने केही सुरुमा एककिसिमका र पछि गएर अर्कै किसिमका हुन्छन् । स्वभाव चरित्रगत विकास एवम् परिवर्तनको स्थिरता-अस्थिरताका आधारमा चरित्रलाई छुट्याउने आधार हो (शर्मा, २०५५, पृ.१९६) । यस आधारमा पात्रलाई गतिशील र गतिहीन गरी दुई वर्गमा वर्गीकरण गर्ने गरिन्छ । उपन्यासको प्रारम्भमा एक किसिमको विचार र व्यवहार भएका पात्र पछि गएर फरक रूपमा देखा परे त्यस्ता पात्र गतिशील हुन् । परिस्थितिअनुसार परिवर्तन हुने यस्ता पात्रमा अस्थिरता पाइन्छ । आद्यन्त स्थिर रहने, परिस्थितिको परिवर्तनले पनि विचार र व्यवहारमा कुनै किसिमको परिवर्तन देखा नपर्ने

पात्र गतिहीन पात्र हुन् । स्वभावमा विचलन नआउने यस्ता पात्रहरू आफ्नो आदर्शमा दृढ हुन्छन् (बराल र एटम, २०६६, पृ.३०) ।

### जीवनचेतनाका आधारमा पात्रको वर्गीकरण

यो आफ्नोमात्र प्रतिनिधित्व गर्ने र अर्काको पनि प्रतिनिधित्व गर्ने आधारमा चरित्रलाई छुट्याउने आधार हो । यस आधारमा पात्रहरू व्यक्तिगत र वर्गगत गरी दुई प्रकारका हुन्छन्(शर्मा, २०५५, पृ.१९६) । उपन्यासमा आएको पात्रले कुनै सामाजिक वर्गको विशेषता बोकेर त्यस वर्गको प्रतिनिधित्व गर्छ भने त्यो वर्गीय पात्र हुन्छ । उपन्यासको पात्रले कुनै वर्गविशेषको प्रतिनिधित्व नगरी आफ्नो निजी स्वभाव र वैशिष्ट्यका आधारमा नवीन जीवनशैली बाँच्न खोज्छ भने त्यस्ता पात्रलाई व्यक्तिगत पात्र भनिन्छ । उपन्यासको पात्र र सामाजिक जीवनको तुलनाबाट यसको निर्धारण हुन्छ (बराल र एटम, २०६६, पृ.३०) ।

### आसन्नताका आधारमा पात्रको वर्गीकरण

यो प्रत्यक्ष वा परोक्ष उपस्थितिका आधारमा चरित्रलाई छुट्याउने आधार हो । आसन्नताका आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्चीय पात्र गरी दुई प्रकारका हुन्छन्(शर्मा, २०५५, पृ.१९७) । उपन्यासमा प्रत्यक्ष रूपमा देखिने अर्थात् आफै उपस्थित भएर कार्यव्यापार गर्ने, संवाद बोल्ने पात्रलाई मञ्चीय पात्र भनिन्छ । आफै उपस्थित नभएका, कथयिता वा कुनै मञ्चीय पत्रद्वारा नामोच्चारण गरिएका पात्रलाई नेपथ्य पात्र भनिन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् (बराल र एटम, २०६६, पृ.३०) ।

### आबद्धताका आधारमा पात्रको वर्गीकरण

यो उपन्यासमा पात्रको अनिवार्यतासँग सम्बद्ध वर्गीकरणको आधार हो । यस आधारमा पात्रलाई बद्ध र मुक्त गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ(जोशी र जोशी, २०७०, पृ.१५) । यदि उपन्यासमा आएको पात्रलाई उपन्यासबाट झिकिदिँदा उपन्यासको संरचना भत्किने र उपन्यासले सम्प्रेषण गर्न खोजेको सन्देशमा समेत बाधा पर्न जाने भएमा त्यस्ता पात्रलाई बद्ध पात्र भनिन्छ । यदि उपन्यासमा आएको पात्रलाई उपन्यासबाट झिकिदिँदा पनि खासै फरक पर्दैन भने त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ । पात्रविधानका यिनै सैद्धान्तिक मान्यताका आलोकमा उपन्यासमा प्रयुक्त पात्रको विश्लेषण गरी उपन्यासले व्यक्त गर्न खोजेको कथ्य पहिल्याउने प्रयास गरिएको छ ।

### प्राप्ति र छलफल

लैनसिंह बाङदेल सामाजिक यथार्थवादी उपन्यासकार हुनाले मुलुकबाहिर उनको पहिलो उपन्यास भएर पनि यसमा उनी निम्न वर्गीय नेपाली समाजको जीवन्त चित्र प्रस्तुत गर्न सक्षम भएका छन् । निम्न वर्गीय नेपालीको प्रतिनिधित्व गर्ने पात्रको चयन र तिनका यथार्थपरक जीवन भोगाइको प्रस्तुतिले गर्दा नै मुलुकबाहिर उपन्यासमा नेपाली समाजको जीवन्त चित्र प्रतिविम्बित भएको देखिन्छ । उनका उपन्यासका पात्रहरूले देशभित्र काम र माम नपाएर बिदेसिन बाध्य बनेका र त्यहाँ पुगेर पनि अनेकौँ समस्याको सामना गर्दै दु:ख र पीडा पाएर परदेशमै जीवन समाप्त गर्ने निम्न वर्गीय नेपालीको प्रतिनिधित्व गरेका छन् । *मुलुकबाहिर* उपन्यासमा आएका पात्रहरू यसप्रकार छन् ।

१. रनबहादुर
२. म्याउची
३. माहिला भुजेल
४. मसिनी
५. दलबहादुर
६. सेर्बा बुढा
७. खालिङ बुढा

८. कान्छाराई
९. रूपा
१०. दलबहादयरकी आमा
११. दलबहादुरकी श्रीमती
१२. सेर्बा बुढाकी बुढी
१३. माहिलाको फुपूको छोरो
१४. छिमेकी स्वास्नी मानिस(मसिनी कुटिनुको कारण सोध्ने)
१५. कार्की बुढाकी स्वस्नी (बुढी आमालाई नाति पाएकोमा बधाई दिने)
१६. भरिया (दलबहादुर विश्वयुद्धबाट फर्किँदा भारी बोक्ने)
१७. दलबहादुरका छोरो-१
१८. दलबहादुरको छोरो-२
१९. दलबहादुरकी छोरी
२०. हस्तमान (दलबहादुरको बुवा)
२१. हर्के (गोठालो)
२२. चतुर्मान (गोठालो)
२३. भक्तबहादुर (माहिलालाई खोज्न जाँदा दलबहुरले आश्रय लिएको घरबेटी)
२४. कुलवीर राना (विश्वयुद्धमा भिक्टोरिया क्रस पाउने योद्धा)
२५. कर्णबहादुर थापा (विश्वयुद्धमा भिक्टोरिया क्रस पाउने योद्धा)
२६. जितबहादुर (विश्वयुद्धमा मारिने दलबहादुरको साथी)
२७. कमान्डर (विश्वयुद्धमा दलबहादुरको अफिसर)
२८. रूपाको पसलमा काम गर्ने केटी-१
२९. रूपाको पसलमा काम गर्ने केटी-२
३०. चियापसलवाली केटी(कान्छा राईले मन पराएकी केटी)

## मुलुकबाहिर उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक प्रस्तुति

मुलुकबाहिर उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक अध्ययनका दृष्टिले निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

| आधार / पात्र | लिङ्ग | | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | स्त्री | ते | प्र | स | गौ | अकू | प्रकू | ग शी | ग ही | व | व्य | म | ने | ब | मु |
| रनबहादुर | + | | | + | | | + | < | + | | + | | + | | + | |
| म्याउची | | + | | + | | | + | | | + | + | | + | | + | |
| माहिला भुजेल | + | | | + | | | + | < | + | | + | | + | | + | |
| मसिनी | | + | | + | | | + | | | + | + | | + | | + | |
| दलबहादुर | + | | | | + | | + | | | + | + | | + | | + | |
| सेर्वा बुढा | + | | | | + | | | + | | + | + | | + | | + | |
| खालिङ बुढा | + | | | | | + | + | | | + | + | | + | | + | |
| कान्छा राई | + | | | | | + | + | | | + | + | | + | | + | |
| रूपा | | + | | | | + | + | | | + | + | | + | | + | |
| दलबहादुरकी आमा | | + | | | | + | + | | | + | + | | + | | | + |
| दल ब.की श्रीमती | | + | | | | + | + | | | + | + | | + | | | + |
| सेर्बा बुढाकी बुढी | | + | | | | + | + | | | + | + | | + | | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माहिलाको फुपूको छोरो | + | | | | | + | + | | | + | + | | + | | | + |
| छिमेकी स्वस्नीमानिस | | + | | | | + | + | | | + | + | | + | | | + |
| कार्की बुढाकी स्वास्नी | | + | | | | + | + | | | + | + | | + | | | + |
| भरिया | + | | | | | + | + | | | + | + | | + | | | + |
| दलबहादुरको छोरो-१ | + | | | | | + | + | | | + | + | | + | | | + |
| दलबहादुरको छोरो-२ | + | | | | | + | + | | | + | + | | | + | | + |
| दलबहादुरकी छोरी | | + | | | | + | + | | | + | + | | | + | | + |
| हस्तमान | + | | | | | + | + | | | + | + | | | + | | + |
| हर्के | + | | | | | + | + | | | + | + | | | + | | + |
| चतुर्मान | + | | | | | + | + | | | + | + | | | + | | + |
| भक्तबहादुर | + | | | | | + | + | | | + | + | | | + | | + |
| कुलवीर | + | | | | | + | + | | | + | + | | | + | | + |
| कर्णबहादुर थापा | + | | | | | + | + | | | + | + | | | + | | + |
| जितबहादुर | + | | | | | + | + | | | + | + | | | + | | + |
| कमान्डर | + | | | | | + | + | | | + | + | | | + | | + |
| रूपाको पसलमा काम गर्ने केटी-१ | | + | | | | + | + | | | + | + | | | + | | + |
| रूपाको पसलमा काम गर्ने केटी-१ | | + | | | | + | + | | | + | + | | | + | | + |
| चियापसलवाली केटी | | + | | | | + | + | | | + | + | | | + | | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा अढाई दर्जन पात्रको प्रयोग गरिएको पाइन्छ । तिनलाई शैलीवैज्ञानिक दृष्टिले अध्ययन गर्दा लिङ्गका आधारमा रनबहादुर, माहिला भुजेल, दलबहादुर, सेर्बा बुढा, खालिङ बुढा, कान्छाराई, माहिलाको फुपूको छोरो, भरिया, दलबहादुरका छोरो-१, दलबहादुरको छोरो-२, हस्तमान, हर्के, चतुर्मान, भक्तबहादुर, कुलवीर राना, कर्णबहादुर थापा, जितबहादुर र कमान्डर पुलिङ्गी पात्र हुन भने म्याउची, मसिनी, रूपा, दलबहादुरकी आमा, दलबहादुरकी श्रीमती, सेर्बा बुढाकी बुढी, छिमेकी स्वास्नी मानिस, कार्की बुढाकी स्वस्नी, दलबहादुरकी छोरी, रूपाको पसलमा काम गर्ने केटी-१, रूपाको पसलमा काम गर्ने केटी-२ र चियापसलवाली केटी स्त्रीलिङ्गी पात्र हुन् । त्यस्तै कार्यका आधारमा रनबहादुर, म्याउची, माहिला भुजेल र मसिनी प्रमुख पात्र हुन् अनि दलबहादुर र सेर्बा बुढा सहायक पात्र हुन् । बाँकी सबै गौण पात्र हुन् । प्रवृत्तिका आधारमा हेर्दा यस उपन्यासमा सेर्बा बुढा प्रतिकूल पात्र हो भने बाँकी सबै अनुकूल पात्र हुन् । स्वभावका आधारमा रनबहादुर र माहिला भुजेल गतिशील पात्र हुन् भने बाँकी सबै गतिहीन पात्र हुन् । जीवन चेतनाका आधारमा हेर्दा यस उपन्यासका सबै पात्र वर्गीय पात्र हुन् । आसन्नताका आधारमा रनबहादुर, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, दलबहादुरकी आमा, दलबहादुरकी श्रीमती, सेर्बा बुढा, खालिङ बुढा, कान्छाराई, माहिलाको फुपूको छोरो, भरिया, सेर्बा बुढाकी बुढी, छिमेकी स्वास्नी मानिस र कार्की बुढाकी स्वस्नी मञ्चीय पात्र हुन् भने दलबहादुरका छोरो-१, दलबहादुरको छोरो-२, हस्तमान, हर्के, चतुर्मान, भक्तबहादुर, कुलवीर राना, कर्णबहादुर थापा, जितबहादुर, कमान्डर, दलबहादुरकी छोरी, रूपाको पसलमा काम गर्ने केटी-१, रूपाको पसलमा काम गर्ने केटी-२, र चियापसलवाली केटी नेपथ्य पात्र हुन् । आबद्धताका आधारमा रनबहादुर, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, सेर्बा बुढा, खालिङ बुढा, कान्छाराई र रूपा बद्ध पात्र हुन् भने बाँकी सबै मुक्त पात्र हुन् । यस उपन्यसमा चित्रण गरिएका पात्र तथा तिनको औपन्यासिक भूमिकाका विषयमा तलका सन्दर्भमा विश्लेषण गरिएको छ ।

**प्रमुख तथा सहायक पात्रका चारित्रिक विशेषताका आधरमा चरित्र चित्रण**

यस उपन्यासमा प्रयोग गरिएका पात्र तथा तनका चारित्रिक विशेषताका विषयमा तलका सन्दर्भमा विश्लेषण गरिएको छ :

**रनबहादुर**

प्रस्तुत उपन्यासमा 'रने' नामले चिनाइएको रन बहादुर पूर्वी नेपालको अरूण खोलाबाट साथीहरूसँग मिलेर मुग्लान पसी श्रम गरेर जीवन निर्वाह गर्ने विपन्न वर्गको श्रमजीवी पात्र हो । उसको नामबाट र म्याउचीको पहिले प्रेमी र पछि पतिका रूपमा रहेकाले ऊ पुलिङ्गी पात्र हो । उपन्यासका दुइटा कथानकमध्ये पहिलो कथानकमा ऊ सर्वोपरि भूमिकामा रहेकले प्रमुख पात्र हो । रनेको व्यक्तित्वलाई उपन्यासमा यसरी उद्घाटित गरिएको छ ।

> रने चौबिस-पच्चिस वर्ष पुगेको न अग्लो न पुड्को, गहुँगोरो वर्णको थियो । त्यसका काला-काला आँखामा सबैलाई मन पर्ने ज्योति थियो । त्यसका अघिल्तिरका दुइटा दाँत भने खप्टिएका थिए – तर हाँस्दाखेरि भने त्यसका खप्टिएका सेता दाँत एक प्रकारले राम्रै देखिन्थे । गीत गाउनु, गफ गर्नु, हाँस्नु यिनैद्वारा त्यसको जीवन परिपूर्ण थियो । मान्छे अरूसँग मिल्न सक्ने थियो, त्यसैले सबै साथीहरूसँग मिल्थ्यो । रने अलि रिसाहा-रिसाहा पनि थियो । रिस उठेको बेलामा झङङ्ग रिसाइहाले तापनि फेरि एक छिनपछि राम्रै बोल्थ्यो, राम्रै हाँस्थ्यो, स्वास्नी मानिसका अघिल्तिर नानावलिका कुरा गरेर उनीहरूलाई छक्क पार्थ्यो । सबैले त्यसलाई मन पराउँथे । तन्नेरी थियो – त्यसका नसामा नवयौवनको उष्ण रगत बग्दथ्यो । (मुलुकबाहिर, पृ. ६)

यस साक्ष्यले रनेको समग्र व्यक्तित्वमाथि प्रस्टैसँग प्रकाश पारिदिएको छ । सुगठित शरीर, हँसिलो अनुहार र ठट्यौलो व्यवहारको धनी, हँसीमजाक गरेर अरूलाई आकर्षित गर्ने गुण भएको नवयुवक रने अरूभन्दा चलाख र फुर्तिलो हुनाले ऊ टोलीको अगुवा पनि बनेको छ तर ठट्यौलो, मजाकिया, मिजासिलो हुँदाहुँदै पनि रिस उठेको बेला भने ऊ एकदमै अन्धो पनि हुन्छ ।

> रने लामो-लामो सास फेर्दै अझ म्याउचीलाई हेरी नै रहेको थियो । त्यसका दुवै भृकुटी सङ्कुचित भए – कन्चट र गाला चल्न थाले । त्यसका आँखामा असङ्ख्य विषाद र विमर्षका छायाहरू दगुर्न थाले । त्यसलाई आफ्ना आँखाका अघिल्तिर धेरै जूनकिरीहरू घुमेजस्तो लाग्यो । एक छिनपछि त्यसले म्याउचीको पाखुरा निष्ठुर भावले समात्यो र निस्सासिँदै भन्यो- 'साँच्ची हिँड्छेस् कि यही तल पानीमा फ्याँकिदिऊँ हँ...?' (ऐ, पृ.६)

रिसालुपन र विवेक शून्यता रनेमा पाइने चरित्र दोष हुन् भन्ने कुराको पुष्टि यस साक्ष्यले गर्दछ । जब ऊ आवेगमा आउँछ तब विवेक गुमाउँछ र विचार शून्य बन्न पुग्छ । रिसको झोकमा काम गर्दा जीवनमा कस्तो असर पर्ला भन्नेबारे नसोची अदूरदर्शी काम गर्ने रने हतारमा निर्णय गरी फुर्सदमा पछुताउने पात्र हो । उसले रिस उठेको बेला म्याउचीका हात खुट्टा बाँधेर टिस्टा नदीमा फालिदिएको छ र पाछि जीवनभर पछुताएर बाँचेको त छ । यसरी म्याउचीको हत्या गरेका कारण ऊ प्रतिकूल पात्रझैं प्रतीत हुन्छ तर रिस मरेपछि आफ्नो दुष्कृत्य सम्झेर जीवनभर पछुताएको र त्यही अपराधबोधको व्यथा सहन गर्न नसकी आत्महत्या गर्न पुगेको हुनाले ऊ अन्तत: अनुकूल नै देखिन्छ । परदेशमा रनेले दलबहादुरप्रति देखाएको सहयोग तथा सद्भावको भावना हेर्दा पनि ऊ सत्पात्र हो भन्न सकिन्छ ।

> रनबहादुर आँगनमा उभिएर यो दृश्य हेरिरहेको थियो ।
> दलबहादुरले आफ्नो औँलाले साथीतिर निर्देश गरेर भन्यो-'आमा ! उसैले मलाई बचाएर परदेशबाट ल्याएको । '
> त्यति भनेर उसले आफ्नो देब्रे पाखुराको घाउ देखाएर भन्यो- 'ई: मेरो पाखुरामा गोली लागेर म ता झन्डै मरेको थिएँ, घाइते भएर पन्जाबको अस्पतालमा बसेको थिएँ - लडाइँ थामिएपछि त सबै साथीहरू घरघर फर्कन लागे, मचाहिँ परदेशमा एक्लै भएँ... मेरो घाउ राम्ररी जाती भइसकेको थिएन, मलाई अस्पतालमा छुट्टी

हुने कुरा भयो – त्यसै बेला ऊ आएर मेरो स्याहार गर्यो र यसरी स्याहार गर्दै आज परदेशबाट घर ल्याइपुर्यायो । नत्र आमा ! म ता यति बेला त पन्जाबको माटोमा मट्टी भइसक्ने । ' (ऐ, पृ.४१)

माथिको साक्ष्यबाट के पुष्टि हुन्छ भने सामान्य अवस्थामा रने समस्यामा परेका साथीभाइलाई सहयोग गर्ने सहयोगी तथा सहृदयी व्यक्तिका रूपमा देखिनाले पनि ऊ अनुकूल पात्र नै हो ।

प्रारम्भमा बहिर्मुखी देखिने रने पछि गएर अन्तर्मुखी बन्न पुगेको छ । रनेमा मानवीय गुण र दोष दुवै देख्न सकिन्छ । सामान्य अवस्थामा सहयोगी र मिलनसार देखिए पनि आवेगमा आएका बेला हत्या गर्न पनि पछि नपर्ने र आवेग शान्त भएपछि पश्चातापको आगोमा जल्ने रने स्वभावजन्य गुणका आधारमा गतिशील प्रकृतिको गोला पात्र हो । रने देशभित्र काम र माम नपाएर विदेश पस्न बाध्य बनेको विपन्न तर कर्मशील युवा हो । 'अब बर्सेनि हिउँद लागेपछि रने साथीहरूसित मुग्लान आउन थाल्यो । मुग्लानमा हिउँदभरि ठेकाको काम, त्यसपछि त्यो फेरि पहाड फर्कन्थ्यो (उही, पृ.३) । 'यस साक्ष्यबाट रनेले परदेशमा पसिना बगाउने नेपाली समाजका निम्न वर्गीय जीवनको प्रतिनिधित्व गरेको पुष्टि हुन्छ त्यसैले ऊ वर्गीय पात्र हो । उपन्यासमा रहेका दुइटा कथानकमध्ये पहिलो कथानकमा रनेको प्रत्यक्ष उपस्थिति रहेको हुनाले ऊ यस उपन्यासमा मञ्चीय पात्रका रूपमा रहेको छ । रनेलाई हटाइदिँदा उपन्यासको संरचना पनि भत्किने र उपन्यासले उद्घाटन गर्न खोजेको यथार्थता पनि उद्घाटित नहुने हुनाले उसलाई हटाउन मिल्दैन त्यसैले ऊ बद्ध पात्र हो । निष्कर्षमा भन्नुपर्दा मिहिनेती, मिलनसार, सुन्दर, सहयोगी जस्ता गुणले युक्त हुँदाहुँदै पनि आवेगमा आएर विवेक गुमाउने, हतारमा निर्णय गरेर फुर्सदमा पछुताउने आदि आफूभित्रै निहित अवगुणका पश्चातापको आगोमा पोलिँदै आफ्नो जीवन नै समाप्त गर्न पुगेको कारुणिक पात्र हो ।

**म्याउची**

मुलुकबाहिर उपन्यासमा रनेकी पहिले प्रेमिका र पछि श्रीमतीका रूपमा देखिएकी म्याउची स्त्रीलिङ्गी पात्र हो । 'भर्खर अठार वर्ष पुगेकी, लाम्चो अनुहार, भरिलो छाती गम्भीर आँखा र राताराता दुई चन्चले ओठले (ऐ, पृ३)' उसको फक्रिँदै गरेको नवयौवन तथा उसमा रहेको उत्सुकता र अपरिपक्वता प्रदर्शित हुन्छ । 'साथीहरूका होहोरीमा लागेर म्याउची पनि दोरलिङ हेर्न तम्सिएर गोठबाट भागेर(ऐ, पृ. ४) मुग्लान पुगेकी छ । गोठमा गाईवस्तु हेर्न बसेकी भए पनि मनममा सहर कस्तो होला, बिजुली कस्तो होला, गाडी कस्तो होला भन्ने जिज्ञासा बोकेर घरमा थाहासमेत नदिई केटाहरूसँग भाग्नुले उसमा रहेको उत्सुकता, अपरिपक्वता तथा आँटिलोपन अनि केटाकेटीवयसम्बद्ध अल्लारेपनको पुष्टि गर्छ । उपन्यासमा म्याउचीको प्रत्यक्ष उपस्थिति पहिलो खण्डमा मात्र रहे तापनि दुइटा कथानकमध्ये पहिलो कथानकभरि नै उसको प्रभाव रहनाले ऊ प्रमुख पात्र हो र यस उपन्यासकी एक नायिका हो । ऊ कोमल तथा भावुक हृदय भएकी पात्र हो ।

आजको एकान्त जङ्गलको वातावरणले र रनेका सुकण्ठले गाएको गीतले त्यो तरूनी नारीको मन-प्राण मत्तायो ! विचलित गरायो ! आत्मविस्मृत भएर त्यसले आवेगमा रनेको हात आफ्नो काखमा राखेर स्पर्श गर्न थाली – दुवै राता-राता ओठमा उत्तेजना, चञ्चलता, यौवनका अपूर्व तेज झल्किरहेका थिए । त्यसका दुवै आँखा आवेश र उमङ्गले चञ्चल भए । त्यसको अनुहारमा आज देखियो अशेष आनन्द र उल्लास । (ऐ, पृ. ९)

यस साक्ष्यले म्याउचीमा कोमलता, हार्दिकता जस्ता नारीसुलभ गुणको पर्याप्तताको पुष्टि गर्छ । यदाकदा मुखाले स्वभाव पनि देखाए पनि हाँसोठट्टा र रमाइलोमा रुचि राख्ने म्याउची मायालु र मिलनसार अनि भावुक तथा कोमल हृदयकी पात्र नै हो । उसले रनेलाई भित्री मनबाटै पवित्र प्रेम गरेकी छ र अन्य परुषप्रति कुनै किसिमको कलुषित तथा विकृत विचार राखेकी छैन । त्यसैले त रनेले उसको चरित्रमाथि प्रश्न उठाउँदा उसको नारी हृदयमा ठूलो आघात पर्न गई ऊ 'डेरामा जाँदै जान्न' (ऐ, पृ. २३) भनी अड्डी लिन पुगेकी छ । परिस्थितिको ख्याल नगरी असमयमा देखाइको

अटेरीपनकै कारण अकालमै ज्यान गुमाउन पनि पुगेकी म्याउची कारुणिक पात्र हो । केही मानवीय अवगुण भए पनि समग्रमा ऊ अनुकूल प्रवृत्तिकी पात्र हो । म्याउची आफ्नो विचार र व्यवहारमा अडिग देखिन्छे त्यसैले ऊ गतिहीन अर्थात् स्थिर पात्र हो ।

लगनशीलता, परिश्रमीपन जस्ता गुणले युक्त म्याउची हाम्रो समाजका भारी बोकेर, पसिना बगाएर जीवन निर्वाह गर्ने श्रमजीवी वर्गका युवतीहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । गाईगोठमा गाईको रेखदेख गर्नेदेखि लिएर टिस्टाको जङ्गलमा पसिना बगाउँदै तख्ता बोक्ने म्याउची श्रम गरेरै बाँच्न चाहने श्रमजीवी पात्र हो । उपन्यासको पहिलो खण्डमा प्रत्यक्षरूपमा देखा परेकी म्याउची मञ्चीय पात्र हो । उपन्यासमा मम्याउचीका माध्यमबाट नै अल्लारे अपरिपक्वता र असामयिक अटेरीपनका कारण कसरी अकालमै ज्यान गुमाउनु पर्ने हुन्छ भन्ने यथार्थको प्रस्तुतुका लागि उपन्यासमा म्याउचीको उपस्थिति आवश्यक हुने र उसलाई झिकिदिँदा उपन्यासको संरचना भत्किने हुनाले उसलाई उपन्यासबाट झिक्न मिल्दैन तसर्थ ऊ यस उपन्यासकी बद्ध पात्र हो । निष्कर्षमा भन्नुपर्दा श्रमलाई माया गर्ने, सुन्दर अनुहार, कोमल हृदय, पवित्र मन भएकी नारी भएर पनि अलिकति अपरिपक्वता, अलिकति अल्लारेपन, अनि अनावश्यक अटेरीपनका कारण अकालमै ज्यान गुमाउन पुगेकी कारुणिक पात्र हो ।

**माहिला भुजेल**

मुलुकबाहिर उपन्यासमा सुरुदेखि नै देखा परे तापनि दोस्रो कथानकमा केन्द्रीय भूमिकामा रहेको र मसिनीको श्रीमान् अनि रूपाको बुवाका रूपमा देखा पर्ने माहिला भुजेल पनि प्रमुख पुरुष पात्र हो । ऊ सुगठित शरीर भएको, निकै परिश्रमी, लगनशील तथा कर्मठ, केही गर्नुपर्छ भन्ने उतसाह भएको, विचारमा दृढ, असहायहरूलाई सहयोग गर्ने उदार चरित्र हो । उसको लगनशीलताबारे उपन्यास यसरी बोलेको छ-

> माहिला भुजेल अतुल परिश्रमी छ । बिहानै रिमरिम उज्यालो हुँदै ऊ ओछयानदेखि उठ्छ । त्यसपछि गाईको गोठ सोहर-साहर पारेर परिष्कार पार्छ, त्यसपछि ऊ आफै कुँडो पकाउँछ । गाउँघरमा मानिस उठ्न लाग्दा उसले कुँडो पकाइसक्छ । बाछा छोडिसक्छ र दुनेलोमा दुध दुहेर गाउँ-घरमा दुध बेच्न जान्छ । (ऐ, पृ. ७९)

माथिको साक्ष्यबाट पनि माहिला भुजेलको कामप्रतिको लगाव कति थियो भन्ने कुरा पुष्टि हुन्छ । दलबहादुरको सहयोगमा सुरु गरिएको गाईपालनले छोटो समयमा तीव्र विकास गर्नुले पनि उसको परिश्रमीपनको परिचय दिन्छ । संसारमा परिश्रम गरेर नहुने कुरा केही छैन भन्ने उसको आत्मविश्वास देखिन्छ । नैतिक चेतनाका दृष्टिले पनि माहिला भुजेल निकै सुदृढ देखिन्छ ।

> गाउँ-घरमा डुल्नु, जाँडरक्सी खानु, तास-जुवा खेल्नु – यी संसर्गदेखि सधैँ टाढा बस्छ । कतिइल्ट गाउँ-घरका गाडीवाला साथीहरू आएर उसलाई तास खेल्न आग्रह गरे – भोजभतेरतिर लैजान चेष्टा गरे – तर ऊ पटक्क मानेन । ऊ आफ्नो काम एकोहोरो गरिरहन्छ – पेट पाल्छ । कसैको निन्दा- चर्चा गर्दैन – कसैको खोजीनीति गर्दैन – कसैको अघिपछि लाग्दैन । बिनसित्ति जथाभावी बोल्दैन । अरू तल्लो श्रेणीका मानिसहरूझैँ मुखबाट छि:छि: फोहर कुरा झिक्तैन, अश्लील कुरा पनि गर्दैन – कसैलाई कुवाच्य पनि भन्दैन । ऊ अलपभाषी, विचारशील, भावुक तथा स्थिर भावको छ । (ऐ, पृ. ७९)

माहिला भुजेल परोपकारी तथा दयाभावले भरिएको माहिला भुजेल सहयोगी पनि त्यत्तिकै छ । उसले कान्छा राईलाई घरमा बास दिएर अनि सेर्बा बुढालाई गाईगोठमा काम दिएर ठूलो सहयोग गरेको छ । आफूलाई बास दिने र गाईपालनका लागि सहयोग गर्ने दलबहादुरप्रति ऊ निकै कृतज्ञ देखिन्छ र उसप्रति मनमा ठूलो सम्मान छ । ऊ श्रीमतीलाई नि औधी माया त गर्छ तर सेर्बा बुढाबाट मसिनी र कान्छा राईका बिचमा अनैतिक सम्बन्ध रहेको सङ्केत पाएपछि भने ऊ झस्किएको देखिन्छ । आफ्नो आँखाले नदेख्दासम्म अरूले भनेको कुरामा विश्वास नगर्ने माहिला

भुजेल जब आफ्नै आँखाले मसिनी र कान्छाराईलाई हाँस्दै कुरा गरिरहेको देख्छ तब भने ऊ सेर्बा बुढाको कुरा साँचो भएको ठानी मसिनीमाथि प्रहार गर्न पुग्छ र मसिनीले वास्तविक कुरा भन्न नपाउँदै रगताम्य हुने गरी कुटेर आफू सधैँका लागि घरबाट बेपत्ता बन्छ । यसरी माहिला भुजेलमा पनि रनेको जस्तै आवेगमा आएर विवेक गुमाउने अवगुण देख्न पाइन्छ । पछि छोरी रूपाबाट श्रमतीबारेको वास्तविकता बुझेपछि भने ऊ अपराधबोधको आगोमा जल्न पुगेको छ र पश्चातापबोधका कारण प्राण त्याग्न पुगेको छ । यसरी निरपराध श्रीमतीमाथि शङ्का गरी आवेगमा आएर विवेक गुमाउने र सदाका लागि श्रीमतीलाई सहाराविहीन बनाएर बेपत्ता बन्नेजस्ता चारित्रिक अवगुणले गर्दा माहिला भुजेल बिचमा अंशत: प्रतिकूल देखिए पनि अन्तमा पुन: अनुकूल प्रवृत्तिको नै देखिएको हुनाले समग्रतामा ऊ सत्पात्र नै हो ।

पछिल्लो समयमा माहिला भुजेल नैतिक रूपमा पनि स्खलित भएको देखिन्छ । 'पहिले दार्जिलिङमा छँदासम्म जाँडरक्सी, जुवातास छुने काम पनि नगर्ने ऊ बर्मा पुगेपछि भने जुवातास खेल्नुका साथै खुब रक्सी खान थाल्छ (ऐ, पृ.१६९) । 'यसरी उसको विचार र व्यवहारमा नै परिवर्तन आएकाले ऊ स्वभावका आधारमा गतिशिल पात्र हो । माहिला भुजेलले देशभित्र गाँस र वासको व्यवस्था गर्न नसकिने भएकाले बिदेसिन बाध्य बनेका अनि विदेशमा गएर पनि गाईगोठ, भेडीगोठ तथा त्यस्तै तल्लो तहका शारीरिक श्रम गरेर पेट पाल्ने परिश्रमी युवाहरूका साथै पत्निमाथि शङ्का गर्ने र आवेगमा आई विवेक गुमाई पत्नीलाई पीडा पुगाउने पतिको प्रतिनिधित्व गरेकाले ऊ वर्गीय पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्मै माहिला भुजेलको प्रत्यक्ष उपस्थिति हुनाले ऊ मञ्चीय पात्र हो । उपन्यासमा केन्द्रीय भूमिकामा रहेको हुनाले ऊ बद्ध पात्र हो । निष्कर्षमा भन्नुपर्दा माहिला भुजेल लगनशील, कर्मठ, परिश्रमी, परोपकारी, दयालु तथा सहयोगी पात्र भएर पनि श्रीमतीमाथी शङ्का गरेर रिसले आवेगमा आई विवेक गुमाएर श्रीमतीको र आफ्नोसमेत जीवन कष्टकर बनाई अन्तत: पश्चातापको आगोमा पोलिएर प्राण त्यग्न पुगेको कारुणिक पात्र हो ।

**मसिनी**

मुलुकबाहिर उपन्यासमा माहिला भुजेलकी पत्नी र म्याउचीकी बहिनीका रूपमा रहेकी मसिनी सोझी, सरल, सहयोगी तथा पवित्र हृदय भएकी नारी पात्र हो । उपन्यासको दोस्रो कथानकमा केन्द्रीय भूमिकामा रहेकी हुनाले मसिनी पनि यस उपन्यासकी प्रमुख पात्र हो र नायिका हो । मसिनी निकै मिहिनेती पनि छे । गाईपालनको व्यवसाय फस्टाउनुमा मसिनीको कठोर मिहिनेत र लगनशीलताले पनि काम गरेको छ । माहिला भुजेल बेपत्ता भइसकेपछि गाईगोठको रेखदेखमा उसले देखाएको लगनशीलताले उसको श्रमप्रतिको समर्पणलाई प्रस्ट्याएको छ । ऊ स्वच्छ हृदय भएकी पतिपरायण नारी हो । 'आफूलाई बेसरी कुटेर छोडिजाने पतिलाई जीवनभर पर्खेर बस्नु अनि पतिको अनुपस्थितिमा घर नै शून्य देख्नु' (ऐ, पृ. ११९) जस्ता घटनाले उसको पतिप्रतिको उच्च निष्ठा र मनको पवित्रतालाई प्रतिविम्बित गरेको छ । उसको निर्विकार मनका बारेमा उसकै शब्दबाट पनि थाहा पाउन सकिन्छ ।

> मसिनीले बुढी आमाका मुखमा पुलुक्क हेरी अनि फेरि भुइँतिर हेर्दै दिक्कले आँसु बर्र खसालेर बनी - 'खै आमा, मैले त केही बिराम गरेजस्तो लाग्दैन । झगडा भएको बिहान भने मलाई कान्छा राईसित गोठनेर उसले कुरा गरिएहेको देकेको थियो । निहुँ त यति हो । सेर्बा बुढाले नाना प्रकारका कुरा सुनाएको रहेछ आमा, त्यसैले गर्दा झगडा भएको हो । आमा अपराधिको भलो नहोस् ... त्यही बुढाको कुरा सुनेर घरको यो दशा भयो, त्यसैको कुरा सुनेर कान्छा राईसित पाप चिताएको हो । उसले त्यस्तै पाप देख्छ भने देखोस् – तर यो आगो साक्षी छ आमा, मैले त्यस्तो केही बिराम गरेकी भए देख्ने एउटा भगवान् छ ... । ' (ऐ, पृ. ११९)

यसरी भगवान् र आगोलाई साक्षी राख्दै मसिनीले आफूबाट कुनै बिराम नभएको कुरा गरेकीले पनि उसको मनमा कुनै किसिमको कलङ्क छैन भन्ने कुरा पुष्टि हुन्छ । बुढी आमा आफ्नै सासू नभए पनि उनलाई काममा सघाएको र उनीप्रति सम्मान देखाएको अवस्थालाई हेर्दा मसिनीमा एउटी असल गृहणीमा हुनुपर्ने गुणहरू देख्न सकिन्छ । सबैसँग घुलमिल हुने, सबैलाई सहयोग गर्ने, हाँसोमाजाक पनि गरिहाल्ने जस्ता मसिनीमा रहेका राम्रा गुणहरूलाई हेर्दा ऊ प्रवृत्तिका

आधारमा अनुकूल पात्र हो । मसिनीमा पर्याप्त मात्रमा असल गुणहरू देखिए पनि उसमा केही कमजोरी पनि रहेका देखिन्छन् । सत्य कुरालाई पनि स्पष्टसँग भन्न नसक्नु उसको सबैभन्दा ठूलो कमजोरी देखिन्छ । माहिला भुजेलले कान्छा राईसँग के कुरा गरिराखेकी थिस् भनेर सोध्दा, उससँग गरेको कुरा प्रस्ट नपारी 'देवर-भाउज्यू भएपछि अलिकति त ठट्टा हुन्छ' (ऐ, पृ. ११२) भनेर झनै शङ्का बढाउने जस्ता कमजोरी उसबाट भएका देखिन्छन् । यस्तै कमजोरीका कारण उसले पतिबाट कुटाइ पाएकी छ र जीवनभर पतिवियोगको पीडा भोग्नुपरेको छ । पतिले परित्याग गरपछि पनि उसको पतिप्रतिको प्रेम र निष्ठा घटेको छैन र ऊ आफ्नो कर्तव्यबाट च्युत भएकी छैन । यसरी उसको विचार र व्यवहारमा कुनै परिवर्तन नदेखिनाले ऊ स्वभावका आधारमा गतिहीन अर्थात् स्थिर पात्र हो । मसिनी उपन्यासमा देशभित्र काम नपाएर पतिसँगै विदेश पस्न बाध्य बनेका नेपाली नारीहरूको प्रतिनिधि पात्र बनेर आएकी छ । यसका साथै उसले पतिको शङ्कालु स्वभावका कारण परित्यक्त जीवन बिताउन बाध्य बनेका र पतिकै नाम जपेर जीवन बिताएका पतिव्रता नारीहरूको पनि प्रतिनिधित्व गरेकी छ त्यसैले ऊ वर्गीय पात्र हो । मसिनी उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित हुनाले आसन्नताका आधारमा मञ्चीय पात्र हो । मसिनीका माध्यमबाट मुग्लान पसेका र पतिबाट परित्यक्ता नारीले भोग्नुपरेका समस्या प्रस्तुत गरिएकाले र उपन्यासको दोस्रो कथानक म्याउची र माहिला भुजेलकै केन्द्रीयतामा अगाडि बढेकाले उसलाई उपन्यासबाट झिक्न मिल्दैन त्यसैले ऊ बद्ध पात्र हो । निष्कर्षमा भन्नुपर्दा मसिनी अनेक असल गुणले युक्त हुँदाहुँदै पनि अभिव्यक्तिगत अस्पष्टताका कारण पतिबाट परित्यक्ता बनी कष्टपूर्ण जीवन जिउन बाध्य बनेकी कारुणिक पात्र हो ।

**दलबहादुर**

मुलुकबाहिर उपन्यासमा दलबहादुरको कार्यभूमिका रने, म्याउची, माहिला भुजेल र मसिनीको भन्दा कम रहेको छ । उपन्यासका दुइटै कथानकमा ऊ मुख्य भूमिकामा नरहेर सहयोगी भूमिकामा रहेको छ त्यसैले ऊ यस उपन्यासको सहायक पात्र हो । विधवा आमाको एक्लो छोराका रूपमा देखा पर्ने दलबहादुर पुरुष पात्र हो र नामबाट पनि ऊ पुरुष पात्र हो भन्ने कुरा पुष्टि हुन्छ । ऊ सानैबाट बुबाको वियोगमा बाँचेको र अनेकौँ अभाव सहँदै आएको पात्र हो।'दलबहादुर सात वर्षको हुँदा ऊ (दलबहादुरको बुबा- ले.) खस्यो – दलबहादुर सानैमा टुहुरो भयो' (ऐ, पृ. १५७) । आफूले सानैबाट समस्याको सामना गर्दै आएको हुनाले पनि उसमा समस्यामा परेकालाई सहयोग गर्नुपर्छ भन्ने भावना रहेको पाइन्छ र उदार मनले सहयोग गर्दै आएको देखिन्छ । उसले माहिला भुजेल र मसिनीलाई गरेको निस्वार्थ सहयोगबाट उसको उदात्त सहयोगी हृदय देख्न सकिन्छ । आफूलाई गुन लगाउनेप्रति आजीवन आदर प्रकट गर्ने दलबहादुर कृतज्ञ पात्र हो । 'जसले आफूलाई परदेशबाट बचाएर ल्याएको थियो – रनबहादुरको त्यही त्याग र कृतज्ञताका नाताले गर्दा माहिला भुजेल र मसिनीप्रति पनि दलबहादुरको अशेष सहानुभूति' (ऐ. पृ. ७२) रहेको देखिन्छ । माहिला भुजेलले पहाड फर्किने कुरा गर्दा काम नपाउँदासम्म आफ्नै घरमा बस्न र दुईचार पैसा कमाएर मात्र पहाड फर्किन आग्रह गर्ने दलबहादुरको उदारता देखेर माहिला भुजेल स्वयम् मुग्ध बनेको कुरा यस साक्ष्यले पुष्टि गर्छ –

> मुग्लानमा भेट भएको, एउटा मुग्लानेको कस्तो ठूलो विचार । कति ठूलो आदर्श ! कस्तो विशाल हृदय ! अघि त पहाडमा छँदा –मुग्लानेहरू त बिछट्टका मोरा हुन्छन् है ! कहाँ, हामीजस्ता पहाडे लाटा-सुधाहरूलाई ठग्न पाए त्यसै ठग्छन् । त्यस्ता मोराहरूसित जोगिनुपर्छ है ! अरूले मुग्लानेको बारेमा यस्तो अपकीर्ति गर्थे तथा यस्ता कथा सुनाउँथे । यो कुरा माहिला भुजेलले पनि सुनेको थियो । तर आज उसले मुग्लानेको हृदयको परिचय पायो । त्यस मुग्लानेको मन-प्राण, आहार-व्यवहार, सबै देख्यो-बुझ्यो । त्यस मुग्लानेको माया-ममता र सहानुभूति देख्दा आज उसको हृदय एकदम विगलित भयो । (ऐ. पृ. ७४-७५)

माहिला भुजेलका लागि गाई पालन गर्ने व्यवस्था मिलाइदिनु, ऊ हराउँदा खोज्न जानुजस्ता कार्यले उसको परोपकारीपन प्रस्टिन्छ। दलबहादुरमा रहेका यिनै गुणका कारण ऊ अनुकूल प्रवृत्तिको सत्पात्र हो भन्ने कुरा पुष्टि हुन्छ।

कोमल मन भएको भावुक दलबहादुरलाई रनेको आत्महत्याको घटनाले झनै भावुक बनाइदिएको देखिन्छ र ऊ यताउति डुलेर पीडा भुल्न खोज्छ । माहिला भुजेलले सम्झाउँदा 'होइन माहिला ! छोराको जात भएपछि त देश विदेश जानुपर्छ,' (ऐ. पृ. ८७) भन्ने भनाइले उसको घुमन्तेपनको परिचय पाइन्छ । जीवनप्रतिको विरागका कारण विवाह नै गर्न नमान्ने दलबहादुर आमाले सम्झाएपछि भने विवाह गर्न पुगेको छ। यसबाट ऊ आमाको आज्ञा पालन गर्ने असल पुत्र हो भन्न सकिन्छ । भावुकताका कारण उसमा केही विचलन देखिए पनि उसको जीवनमा त्यस्तो ठूलो परिवर्तन आएको पाइँदैन तसर्थ ऊ स्थिर पात्र हो। आरम्भमा अनेकौँ अभावको सामना गर्नुपरे पनि पछि गएर परिश्रम गरेर आर्थिक अवस्थामा सुधार ल्याउने दलबहादुर एक परिश्रमी पात्र हो । उसले मुग्लानमा पसिना बगाएर हातमुख जोर्ने जोहो गर्ने नेपालीहरूको प्रतिनिधित्व गरेको छ त्यसैले ऊ वर्गीय पात्र हो । उपन्यासका दुवै कथानकमा प्रत्यक्ष रूपमा उपस्थित भएर कार्यव्यापार सम्पन्न गर्ने दलबहादुर मञ्चीय पात्र हो । दलबहादुर उपन्यासका दुइटा कथानकलाई जोड्ने सेतुका रूपमा रहेको हुनाले उसलाई उपन्यासबाट झिक्न मिल्दैन तसर्थ ऊ बद्ध पात्र हो । निष्कर्षमा भन्नुपर्दा दलबहादुर कोमल मन भएको, मानवतावादी भावनाले भरिएको एक सहयोगी, सहृदयी, कृतज्ञ, परोपकारी तथा परिश्रमी पात्र हो ।

**सेर्बा बूढा**

सेर्बा बूढा मुलुकबाहिर उपन्यासमा उसको मृत्युसँगै उसको भूमिका पनि सकिन्छ । उसको भूमिका प्रमुख पात्रको भन्दा कम र गौण पात्रको भन्दा बढी रहेको छ त्यसैले ऊ सहायक पात्र हो। श्रीमती मात्र भएको सन्तान नभएको सेबा बूढा पुरुषपात्र हो । सेर्बा बूढा उमेरले परिपक्व भए पनि विचार र व्यवहारले अपरिपक्व तथा अविवेकी पात्रका रूपमा देखा परेको छ। जीवनभर गोरुगाडा चलाएर कमाएको कमाइ कत्ति पनि बचाउन नसकेपछि बुढेसकालमा ऊ माहिला भुजेलको गाईगोठमा काम गर्न पुगेको छ ।

> बूढाले आफ्नो जीवनमा न पैसा कमायो – न घरसम्म बनायो। बल र बुता छउन्जेल स्टेसनमा तास खेल्थ्यो – गाउँघर डुली-डुली जाँड-रक्सी खाएर लठ्ठ भएर घर आउँथ्यो। अरू गाडीवानहरूले परिश्रम गरेर पैसा कमाउँथे – छोरा-छोरीलाई हेर्थे – पढाउँथे । सेर्बा बूढा भने दुर्भाग्यले भनुँ आज माहिला भुजेलका घरमा नोकरको रूपले काम गर्नुपरेको छ । (ऐ. पृ .९८)

माथिको साक्ष्यबाट उसको अपरिपक्वता र अविवेकीपन प्रस्टिन्छ । सेर्बा बूढाले गोरुगाडा चलाएर कमाएको दुईचार पैसा पनि हात पर्ने बित्तिकै रक्सी पिएर, तास खेलेर सकिदिने र भविष्यका बारेमा कहिल्यै नसोच्ने भएकै कारण बुढेसकालमा अर्काको घरमा नोकर बन्नुपर्ने अवस्था आएको देखिन्छ ।

सेर्बा बूढामा इमान्दारीको पनि अभाव देखिन्छ । 'दुध बेच्ने काममा सेर्बा बूढाले एक-दुई पैसा तलमाथि पार्छ' (ऐ. पृ. १००) भन्ने कुराबाट उसको कृतघ्नता प्रस्टिन्छ। सेर्बा बूढाले लगाएको मिथ्या आरोपकै कारण माहिला भुजेल र मसिनीको पारिवारिक जीवन दुर्घटित बन्न पुगेको छ । अरूका कुरा काट्ने, झुट्टा आरोप लगाउने, आफूलाई लगाएको गुन नसम्झिने सेर्बा बुढो यस उपन्यासको एक मात्र प्रतिकूल पात्र हो । सेर्बा बूढाको मति कहिल्यै सुध्रेन। माहिला भुजेलकहाँ काम गर्न थालेपछि पनि 'माहिला भुजेलको आँखा छलेर सेर्बा बुढो भोटे गाउँतिर पस्थ्यो र कहिले मातेर टन्न भएर आउँथ्यो' (ऐ. पृ. १००) यसरी उसको विचार र व्यवहारमा सुरुदेखि अन्त्यसम्मै तात्त्विक परिवर्तन आएको देखिँदैन।त्यसैले ऊ गतिहीन पात्र हो । सेर्बा बूढाले मति बिग्रेर गलतबाटो समातेका निम्न वर्गीय कामदारको प्रतिनिधित्व गरेको छ।ऊ पोलाहा र कृतघ्नहरूको पनि प्रतिनिधि हो । त्यसैले ऊ वर्गीय पात्र हो । ऊ उपन्यासको द्वितीय खण्डको दोस्रो र छैटौँ अनि तृतीय खण्डको छैटौँ, सातौँ, आठौँ, नवौँ र तेइसौँ परिच्छेदमा प्रत्यक्ष रूपमा देखापरेको छ त्यसैले मञ्चीय पात्र हो । मसिनी र माहिला भुजेलको जीवनलाई वियोगान्त बनाउने काम उसैले गरेको हुनाले ऊ उपन्यासको बद्ध पात्र हो । निष्कर्षमा भन्नुपर्दा सेर्बा बूढा कुलतमा फसेर आफ्नो पनि जीवन बर्बाद गर्ने अनि झुटा पोल लगाएर अरूको पनि जीवन बर्बाद पार्ने पात्र हो ।

**निष्कर्ष**

उपन्यासको रचना गर्नका लागि पात्र महत्त्वपूर्ण तत्त्व त हो नै साथै मूल कथ्यलाई प्रस्तुत गर्नका निम्ति उपन्यासको कथानक र परिवेश अनुरूप हुने गरी पात्रको प्रयोग हुन सकेमा मात्र उपन्यासकारले उपन्यासका माध्यमबाट सम्प्रेषण गर्न खोजेको सन्देश सही रूपमा सम्प्रेषित हुनसक्छ । मुलुकबाहिर उपन्यासमा व्यक्त गर्न खोजिएको जुन सारवस्तु छ त्यसका लागि निर्माण गरिएको कथावस्तुकै अनुरूप हुने गरी आवश्यक चरित्रको चयन र तिनको चरित्र चित्रणका दृष्टिले उपन्यास सफल नै छ । मुलुकबाहिर सामाजिक यथार्थवादी उपन्यास हुनाले यसमा वि.स.२००४ भन्दा अगाडिको नेपालको सामाजिक अवस्थाको यथार्थ चित्र प्रस्तुत गर्न खोज्नु उपन्यासको प्रमुख उद्देश्य रहेको हुनाले त्यसैअनुरूप पात्रको पनि प्रयोग गरिएको छ । देशभित्र दुई पैसा कमाउनका लागि कुनै किसिमको काम पाइने अवस्था नरहेकोले मुग्लान पस्नुपर्ने बाध्यता रहेको, त्यहाँ पनि आरा चिर्ने, भारी बोक्ने, गोठमा काम गर्नुपर्ने, भाडाका सिपाही भएर काम गर्नुपर्ने स्थिति रहेको अनि उपन्यासको विषयवस्तु देश छोडेर बिदेसिएका श्रमजीवीहरूको व्यथामा केन्द्रित रहेकको हुनाले पात्रहरू पनि बढीजसो श्रम गर्नसक्ने युवाहरू नै रहेका छन् । खालिङ बुढा, सेर्बा बुढा, दलेकी आमा आदि केही वृद्ध पात्रको प्रयोग गरिएको भए पनि तिनीहरू पनि श्रमजीवी नै भएर आएका छन् । सबै पात्रको जीवन निर्वाहको मुख्य आधार शारीरिक श्रम नै रहेको छ । विपन्नता र अशिक्षाका कारण त्यति बेलाको नेपाली समाज विभिन्न किसिमका अन्धविश्वासको अँध्यारो ओढारभित्रै रुम्लिएर रहेको हुनाले यस उपन्यासका पात्रहरू पनि सोहीअनुसारको चेतनाका संवाहक भएर आएका छन् । पात्रहरूको क्षणिक आवेग, अनावश्यक हठ, ईर्ष्याले निम्त्याएका दुष्कर्म अनि अपराधबोधका कारण पश्चातापको पीडानुभूतिलाई उपन्यासका पात्रका माध्यमबाट कुशलतापूर्वक प्रस्तुत गरिएको छ । उपन्यासका प्रमुख पात्र रने, म्याउची, माहिला भुजेल, मसिनी अनुकूल प्रवृत्तिका पात्र भएर पनि आआफ्नै किसिमका चरित्रदोषका कारण गम्भीर त्रास बेहोर्न बाध्य बनेका छन् । रने र माहिला भुजेलमा रहेको आवेगात्मक आक्रोश, म्याउचीमा रहेको हठ अनि मसिनीमा रहेको अस्पष्टता नै उनीहरूका चरित्रदोष हुन् । यसरी एकातिर देशको अवस्थाका कारण र अर्कातिर आफूमा रहेका चरित्र दोषका कारण समस्याको भूमरीमा पिल्सिएका पात्रका माध्यमबाट नेपाली समाजको यतार्थ चित्र प्रस्तुत गर्नु उपन्यासको उद्देश्य रहेको र उपन्यासमा त्यसै अनुरूपको पात्रविधान रहेको देखिन्छ ।

**सन्दर्भसामग्रीसूची**


जोशी, खेमराज र खगेन्द्र जोशी (२०७२). *उपन्यास: केही सिद्धान्त केही समीक्षा*, वेस्टर्न बुक पब्लिसिङ एन्ड प्रिन्टर्स ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग २, (पाँचौँ संस्क.). साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०५०). *साहित्य परिचय,*(चौथो संस्क.). साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा,* एकता बुक हाउस प्रा. लि. ।

पौडेल, विष्णुप्रसाद (२९६८). *उपन्यास समालोचना,* भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१) *नेपाली उपन्यास र उपन्यासकार,*(चौथो संस्क.). साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०६६) *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*(तेस्रो संस्क.). साझा प्रकाशन ।

बाङदेल, लैनसिंह (२०५५). *मुलुकबाहिर,*(चौधौ संस्क.). रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५९). *शैलीविज्ञान,*(दोस्रो संस्क.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग*. नेपाल प्रज्ञाप्रतिष्ठान ।